# पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८०

स्वीकृत मिति २०८०।१०।२२

पूर्वाञ्चल विश्वविद्यालयका कुलपतिबाट उपकुलपति नियुक्ति गर्ने प्रयोजनका लागि पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २४ को उपदफा (२) बमोजिम सिफारिस समिति गठन भएको, यस विश्वविद्यालयको प्राज्ञिकस्तर माथि पुऱ्याउन तथा विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक वातावरणलाई सक्षम, प्रभावकारी र व्यवस्थित गराई शैक्षिक उन्नयन हासिल गरी समृद्ध विश्वविद्यालय बनाउन उपकुलपतिको भूमिका महत्वपूर्ण हुने भएको र योग्य तथा क्षमतावान व्यक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट छनोट गरी उपकुलपतिमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी सिफारिस समितिको बैठक तथा सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२.<u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उम्मेदवार" भन्नाले पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिको पदमा नियुक्तिको लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ।

(ङ) "समिति" पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २४ को उपदफा (२) बमोजिमको उपकुलपति सिफारिस समिति सम्झनु पर्छ।

३. <u>बैठक सम्बन्धी कार्यविधि:</u>(१)समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको अध्यक्ष र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ।

(५) समितिको निर्णय अध्यक्षको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>आवश्यक न्यूनतम योग्यता:</u> यस कार्यविधि बमोजिम पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ:-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको,

(घ) पूर्वाञ्चल विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) नेपाली नागरिक भएको,

(च) दरखास्त दिनु तत्काल अघि कुनै राजनीतिक दलको सदस्य नरहेको।

५. <u>सूचना प्रकाशन गर्ने</u>: पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइटमा पन्ध्र दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

६. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात</u>: (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची बमोजिमको ढाँचामा आवेदन साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछ:-

(क) स्नातकोत्तर र सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) प्राध्यापक पदमा नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको प्रशासनिक वा व्यवस्थापकीय पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि र अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रति, प्रकाशन मिति,

(ङ) बढीमा ३००० शब्द रहेको पूर्वाञ्चल विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र बढीमा ५००० शब्द भित्रको पूर्वाञ्चल विश्वविद्यालयसम्बन्धी चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan),

(च) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वःघोषणा पत्र,

(छ) पूर्वाञ्चल विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वःघोषणा पत्र,

(ज) नेपाली नागरिकताको प्रतिलिपि।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सोचपत्र र व्यावसायिक कार्ययोजनामा पहिलो पानामा मात्र उम्मेदरवार आफैंले दस्तखत गरी छुट्टा छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

७. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>:(१) दरखास्तका लागि यस कार्यविधिको दफा ४, ६ तथा अनुसूचीमा उल्लिखित प्रमाण, कागजात तथा प्रक्रिया बमोजिम प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको, गलत तथा झुट्टा कागजात पेश गरेको वा दरखास्त साथ संलग्न स्व:घोषणा गलत भएको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. <u>छनोट विधि</u>: छनोट विधि उम्मेदवारले पेश गरेका शैक्षिक योग्यता तथा अनुभव, अनुसन्धानात्मक लेख प्रकाशन, सोचपत्र, व्यावसायिक कार्ययोजना, सोको प्रस्तुतीकरण तथा अन्तर्वार्ता वापतको मूल्याङ्कनका लागि जम्मा अङ्कभार एक सय पूर्णाङ्कलाई आधार बनाई देहाय बमोजिम हुनेछ:-

| योग्यता, अनुभव, सोचपत्र,कार्ययोजना, अनुसन्धानमूलक लेख प्रकाशन, प्रस्तुतीकरण सम्बन्धी विवरण | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) प्राध्यापक पदमा कार्य अनुभव। | दश | उच्च शिक्षाको क्षेत्रमा प्राध्यापन गरे वापत प्राध्यापक पदमा कार्य गरेको प्रति वर्ष दुई अङ्कका दरले अधिकतम दश अङ्क।<br>तर वर्ष दिनभन्दा कम अवधिको चान चुन महिना तथा दिनको अङ्क गणना हुने छैन। |
| (ख) विद्यावारिधि उपाधि प्राप्त। | पाँच | मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधिका लागि एक मुष्ट पाँच अङ्क। |
| (ग) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | चार | प्रति वर्ष एक अङ्कका दरले बढीमा चार वर्षको लागि अधिकतम चार अङ्क।<br>तर वर्ष दिनभन्दा कम अवधिको चान चुन महिना तथा दिनको अङ्क गणना हुने छैन। |
| (घ) Ranked Journal मा प्रकाशित लेख बापत। | दश | (क) ScImago Journal Ranking को Q 1 to Q 4 सम्म एकल लेखकको रुपमा प्रकाशित लेखलाई बढीमा चार लेखको लागि प्रति लेख वापत २.५ अङ्कका दरले दश अङ्क।<br>(ख) ScImago Journal Ranking को Q 1 to Q 4 सम्म संयुक्त लेखकको रुपमा लेखिएको लेख भए बढीमा चार वटा लेखको लागि प्रति लेख वापत २.५ अङ्कमा लेखक संख्याले भाग गरी हुन आएको जम्मा अङ्क।<br><u>स्पष्टिकरण</u>:माथी खण्ड (क) र (ख) बमोजिम कसैले एकल रुपमा र संयुक्त रुपमा ScImago |

| योग्यता, अनुभव, सोचपत्र,कार्ययोजना, अनुसन्धानमूलक लेख प्रकाशन, प्रस्तुतीकरण सम्बन्धी विवरण | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| | | Journal Ranking को Q 1 to Q 4 सम्ममा लेख प्रकाशन गरेकोमा एकलको पूरा अङ्क र संयुक्त तर्फमा एकलको घटाई बाँकीमा पुर्णाङ्क दशको परिधिभित्र रही अङ्क प्राप्त गर्न बाधा पर्ने छैन। |
| (ङ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | ६ | प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्पन्न गरे वापत (दुई वटासम्म मात्र गणना हुने)<br>• प्रमुख अनुसन्धानकर्ता भए प्रति परियोजना तीन अङ्कका दरले अधिकतम ६ अङ्क।<br>• अनुसन्धान टोली सदस्यका रूपमा कार्य गरेको भए प्रति परियोजना कुल तीन अङ्कमा दामासाहीले हुन आउने अङ्क प्रदान गरिनेछ। |
| (च) पूर्वाञ्चल विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र पूर्वाञ्चल विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) वापत। | तीस | (क) <u>सोचपत्र (Vision Paper) - दश अङ्क</u><br>• पूर्वाञ्चल विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता- दुई अङ्क।<br>• पूर्वाञ्चल विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता- दुई अङ्क।<br>• आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण- दुई अङ्क।<br>• पूर्वाञ्चल विश्वविद्यालयलाई प्राज्ञिक रुपमा सबल ,सक्षम र प्रभावकारी बनाई उत्कृष्ट रुपमा विकास -दुई अङ्क।<br>• पूर्वाञ्चल विश्वविद्यालयको पारदर्शिता तथा जवाफदेहिता- दुई अङ्क।<br>(ख)<u>पूर्वाञ्चल विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) -बीस अङ्क।</u><br>• पूर्वाञ्चल विश्वविद्यालयको विद्यमान अवस्था -तीन अङ्क।<br>• विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- पाँच अङ्क। |

| योग्यता, अनुभव, सोचपत्र,कार्ययोजना, अनुसन्धानमूलक लेख प्रकाशन, प्रस्तुतीकरण सम्बन्धी विवरण | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| | | • पूर्वाञ्चल विश्वविद्यालयको अन्य विश्व विद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण -तीन अङ्क।<br>• पूर्वाञ्चल विश्वविद्यालयको रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान -चार अङ्क।<br>• पूर्वाञ्चल विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण - पाँच अङ्क। |
| (छ) प्रस्तुतीकरण वापत | बीस | • उच्च शिक्षासम्बन्धी ज्ञान, पूर्वाञ्चल विश्वविद्यालय सुधारको कार्ययोजना र कार्यान्वयनमा स्पष्टता -सात अङ्क।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससँग सामञ्जस्यता र बिश्लेषण क्षमता -६ अङ्क।<br>• नवप्रवर्तन, तार्किक क्षमता र वस्तुनिष्ठता -सात अङ्क। |
| (ज) अन्तर्वार्ता वापत | पन्ध्र | • अन्तर्वार्ताकारहरुले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुने।<br>• अन्तर्वार्ताकारले अङ्क प्रदान गर्दा यस वापतको जम्मा अङ्कको सत्तरी प्रतिशत भन्दा बढी र पैतीस प्रतिशतभन्दा कम अङ्क दिँदा कारण खुलाउनु पर्नेछ। |

९. <u>उम्मेदवारहरूको अल्पसूची:</u> (१) यस कार्यविधिको दफा ८ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम कायम हुन आएको अङ्क र दफा ८ को खण्ड (च) बमोजिमको मूल्याङ्कनको औषत अङ्कको आधारमा जम्मा प्राप्ताङ्क कायम गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको अल्पसूची (Short list) प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अल्पसूची (Short list) प्रकाशन गर्दा जम्मा आवेदकको एकतिहाई वा पन्ध्र जनामध्ये जुन कम हुन्छ सोही संख्यामा उम्मेदवारलाई अल्पसूची (Short list) मा राख्न सकिनेछ।

१०. <u>सोचपत्र तथा कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता:</u>(१) दफा ९ बमोजिम कायम भएको अल्पसूची (Short list) मा रहेका उम्मेदवारहरूलाई तीन दिनको सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को खण्ड (छ) र (ज) बमोजिम प्रस्तुतिकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई असपताल भर्ना भएको कारण निर्धारित मिति र समयमा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक प्रस्तुतीकरण तथा अन्तर्वार्तामा अनुपस्थित हुने उम्मेदवारलाई समितिले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी गराउने छैन।

(४) उपदफा (२) को अवस्थामा समितिले समय दिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि पन्ध्र दिन भित्रको कुनै समय निर्धारण गर्न सक्नेछ।

११. उपसमिति गठन तथा सेवा लिनसक्नेः(१) समितिले उम्मेदवार छनोट तथा सिफारिस गर्न आवश्यक ठानेका कार्यमा उपसमिति गठन गरी सहयोग लिन वा विज्ञ वा कर्मचारीबाट सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सकिनेछ र समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको विज्ञ छनोट गर्दा कम्तीमा विद्यावारिधिको शैक्षिक उपाधि हासिल गरेको र कम्तीमा पाँच वर्षको अनुभव प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

१२.मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुनेः(१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका सदस्यको हकमा कुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१३. नाम सिफारिसः(१) समितिले संक्षिप्त प्रतिवेदन सहित उपकुलपति पदमा नियुक्तिको लागि उम्मेदवारको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा दफा ८ बमोजिम प्राप्ताङ्कको आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

१४.खर्चसम्बन्धी व्यवस्थाः समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी र यस सम्बन्धमा हुने आवश्यक खर्च पूर्वाञ्चल विश्वविद्यालयबाट प्रचलित कानुन बमोजिम भुक्तानी हुनेछ।

१५.कागजपत्रको संरक्षणः समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सुरक्षित राखिनेछ।

१६.सचिवालयः समितिको सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहनेछ र समितिको लागि आवश्यक कर्मचारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले व्यवस्था गर्नेछ।

अनुसूची

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## दरखास्तको ढाँचा

श्रीमान् अध्यक्षज्यू,
पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

पूर्वाञ्चल विश्वविद्यालयको रिक्त उपकुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ। भने यो दरखास्त पेश गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको र पूर्वाञ्चल विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्व:घोषणा गर्दै म उपकुलपति पदमा छनोट भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नाम: पूर्वाञ्चल विश्वविद्यालय
२. नियुक्ति हुन चाहेको पद: उपकुलपति
३. दरखास्त पेश गर्ने व्यक्तिको:

(क) व्यक्तिगत विवरण:

नाम थर:-
हाल कार्यरत पद-
नेपाली नागरिकताको प्रमाण पत्र नम्बर: जारी मिति: जिल्ला:
स्थायी ठेगाना:
अस्थायी ठेगाना:
जन्म मिति:
सम्पर्क नम्बर:
इमेल:

(ख) शैक्षिक योग्यताको विवरण:

| क.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | श्रेणी/ग्रेड |
|---|---|---|---|---|
| १. | विद्यावारिधि | | | |
| २. | स्नातकोत्तर | | | |

(ग) अनुभव: (पदाधिकारी भए सो समेत)

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | प्राध्यापक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | | | | | |
| ३. | | | | | |

(घ) **ScImago Journal Ranking** को **Q 1 to Q 4 सम्म** अनुसन्धानात्मक लेख प्रकाशन र प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क.सं. | विवरण | संस्था/ प्रकाशक/ परियोजना | प्रमुख वा अनुसन्धानटोली सदस्य भई अनुसन्धान गरेको तथा अनुसन्धानात्मक लेख प्रकाशन गरेको भए सोको विवरण र प्रकाशन मिति खुलाउने। | मिति | कैफियत/ ScImago JR Q1 to Q 4 मा लेख प्रकाशन |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(ङ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण तीन प्रति ,

(४) स्नातकोत्तर र विद्यावारिधि तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,

(५) प्राध्यापकको शुरु नियुक्तिपत्रको प्रतिलिपि,

(६) सम्बन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(७) विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) पाना संख्या---थान दुई,

(८) चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) पाना संख्या---थान दुई,

(९) कुनै राजनितिक दलको सदस्य नरहेको र पूर्वाञ्चल विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(१०) ScImago Journal Ranking को Q 1 to Q 4 मा लेख प्रकाशन गरेकोले त्यस्तो लेखको प्रति संलग्न गर्नु पर्नेछ,

(११) यस कार्यविधि बमोजिम सोचपत्र तथा व्यावसायिक कार्ययोजना पेश गर्दा अग्रेजी भाषामा भए Times New Roman मा र नेपाली भाषामा भए प्रिति वा युनिकोडमा चौध वा बाह्र फन्ट साइजमा पेश गर्नु पर्नेछ,

(१२) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| | |
| दाँया | बाँया |

दस्तखतः ..................................

नाम थरः ..................................

सम्पर्क नं. .............................

मितिः .................................